नेपाली - ६

# नेपाल संस्कृत विश्वविद्यालय
## चारवर्षे शास्त्रीस्तरीय पाठ्यक्रम
## ऐच्छिक 'ख' वर्ग नेपाली (तृतीय वर्ष)

**पाठ्यांश सङ्केत : नेपाली (......) ऐ.** **पत्र : षष्ठ**
**पाठ्यांश नाम : शोध, सिर्जना र ग्रन्थसम्पादनको सिद्धान्त** **पूर्णाङ्क : ५०**

### पाठ्यांश परिचय
यो पाठ्यांश नेपाली भाषा र साहित्यका विभिन्न विधामा अनुसन्धान गर्नका लागि आधारभूत ज्ञान दिने उद्देश्यले तयार पारिएको हो । यस पाठ्यांशमा शोध, सिर्जना र ग्रन्थसम्पादनका आधारभूत सिद्धान्त, प्रकिया, विधि, स्वरूप, ढाँचा र प्रस्तुतिप्रक्रिया आदि विषयहरू समावेश गरिएका छन् ।

### पाठ्यक्रमका सामान्य उद्देश्य
यस पाठ्यक्रमको अध्ययनबाट विद्यार्थीहरूले नेपाली भाषा र साहित्यका विभिन्न विधाका लागि शोधपद्धति, सिर्जना र ग्रन्थसम्पादन सम्बन्धी आधारभूत ज्ञान प्राप्त गर्न सक्ने छन् ।

### विशिष्ट उद्देश्य
यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्न विषयमा सक्षम हुनेछन् -

१. शोध, सिर्जना र ग्रन्थसम्पादनको महत्त्व बुझी यी कार्यतिर विशेष जागरुक हुन ।

२. शोध, सिर्जना र ग्रन्थसम्पादनका आधारभूत सिद्धान्त, विधि र प्रक्रियासम्बन्धी ज्ञान प्राप्त गर्न ।

३. शोध, सिर्जना र ग्रन्थसम्पादन कार्यका प्रक्रिया र लेखनका ढाँचा एवम् प्रविधिसँग अभ्यस्त हुन ।

४. तर्कसङ्गत, क्रमबद्ध, सन्तुलित, प्रामाणिक तथा स्पष्ट रूपमा आफ्नो शोधप्रतिवेदन, सिर्जना लेखन र ग्रन्थसम्पादनसम्बन्धी अभिव्यक्ति प्रस्तुत गर्ने सीप प्राप्त गर्न ।

### प्रकरण विभाजन

| प्रकरण | पाठ्यांश विषय | पाठसङ्ख्या | अङ्क |
|---|---|---|---|
| क | शोधका आधारभूत सिद्धान्त, प्रक्रिया र विधि | ३० | २० |
| ख | सिर्जनाका आधारभूत सिद्धान्त, प्रक्रिया र विधि | ३० | २० |
| ग | ग्रन्थसम्पादनका आधारभूत सिद्धान्त, प्रक्रिया र विधि | २० | १० |
| | **योग** | ८० | ५० |

**क) प्रकरण**
**शोधका आधारभूत सिद्धान्त, प्रकिया र विधि - २०**

१ शोधको स्वरूप- परिभाषा, तत्त्व र विशेषता, आवश्यकता र प्रयोजन ।

२. शोधका प्रमुख प्रकार अनुसन्धानात्मक आलेख, शोधप्रस्ताव, अध्ययनपत्र, शोधपत्र, शोधप्रतिवेदन, शोधप्रबन्ध आदि) ।

३. शोधका प्रक्रिया र यसका चरण ।
४. शोधप्रस्ताव तयारी र यसका अङ्ग तथा ढाँचा ।
५. शोधक्षेत्रको छनौट र शोधशीर्षक चयन ।
६. समस्या-कथन, विशिष्टीकृत शोधप्रश्न, सामान्य र विशिष्ट उद्देश्यहरू ।
७. शोधशीर्षकसँग सम्बद्ध वाङ्मय वा पूर्वकार्यको सर्वेक्षण, विवरण, अध्ययन र समीक्षा ।
८. शोधअन्तराल निर्धारण ।
९. शोधविधि : गुणात्मक र परिमाणात्मक शोधविधि ।
१०. शोधसामग्रीको सङ्कलन, व्यवस्थापन एवम् विश्लेषण ।
११. तालिकीकरण, सूचीकरण र रेखाचित्रको प्रयोगका प्रमुख आधार एवम् ढाँचा ।
१२. सामग्री विश्लेषणको सैद्धान्तिक वा अवधारणात्मक ढाँचा ।
१३. निर्धारित ढाँचाका आधारमा सामग्रीको अध्ययन, वर्गीकरण, सङ्गठन, सम्पादन, सत्यापन, वर्णन, व्याख्या-विश्लेषण, तुलना र निष्कर्षण ।
१४. शोधप्रतिवेदनको तयारी ।
१५. शोधप्रतिवेदनका अङ्गहरू : प्रारम्भिक भाग, मूलपाठ र अन्तिम भाग ।
१६. शोधको सम्पादन शैली (एपिए, एमएलए, सिकागो र अन्य प्रचलित शैलीहरू) ।
१७. शोधप्रतिवेदनको मस्यौदा लेखन, टङ्कण अथवा कम्प्युटर सेटिङ, सम्पादन, परिमार्जन, शुद्धीकरण, गाताबन्दी, औपचारिक भागको सन्निवेश र आवरणपत्र योजना ।
१८. शोधसार लेखन र प्रस्तुति ।

**ख) प्रकरण**

सिर्जनात्मक लेखनका आधारभूत सिद्धान्त, प्रकिया र विधि २०

१. सिर्जनात्मक लेखन र त्यसका प्रकार
   (क) व्यावहारिक लेखन
   (ख) सिर्जनात्मक (साहित्यिक) लेखन
   (ग) प्राज्ञिक/बौद्धिक लेखन

२. लेखन र लेखनको सम्पादन

३. सिर्जनात्मक (साहित्यिक) लेखनको परिचय, परिभाषा, स्वरूप र विशेषता ।

४. सिर्जनात्मक लेखनका हेतु/मान्यता- प्रतिभा (प्रज्ञा/शक्ति), व्युत्पत्ति (शास्त्रज्ञान) र अभ्यास (साधना/समाधि) ।

५. सिर्जनात्मक लेखनको उद्देश्य/प्रयोजन- धर्म, अर्थ, काम, मोक्ष, कल्याण, आनन्द, शिक्षा, नीतिसन्देश, जनहित आदि ।

६. शब्दशक्ति- अभिधा, लक्षणा र व्यञ्जना/व्यङ्ग्य ।

७. सिर्जनात्मक (साहित्यिक) लेखनका प्रकार (विधा/उपविधा) हरू
   (क) कविता लेखन (हाइकु, मुक्तक, गीत, गजल, फुटकर कविता, खण्डकाव्य, लामो कविता, महाकाव्य)
   (ख) आख्यान लेखन (लघुकथा, कथा, उपन्यास)
   (ग) निबन्ध, नियात्रा लेखन (वस्तुपरक, आत्मपरक)
   (घ) नाटक लेखन (एकाङ्की, लघुनाटक र नाटक)

८. सिर्जनात्मक लेखनसम्बन्धी प्रायोगिक अभ्यास
   (क) विषयवस्तुको खोजी

(ख) विषयवस्तुको विधागत सुनिश्चितता
(ग) प्रथम लेखन
(घ) सम्पादन
(ङ) अन्तिम साफी लेखन

## ग) प्रकरण

ग्रन्थसम्पादनका आधारभूत सिद्धान्त, प्रक्रिया र विधि १०

१. ग्रन्थ/पुस्तक र पाण्डुलिपिको परिचय
२. सम्पादनको परिचय र परिभाषा
३. सम्पादनको आवश्यकता, प्रयोजन र महत्त्व
४. सम्पादनका प्रकारहरू
   (क) विषयवस्तुको सम्पादन
   (ख) पाठको सम्पादन
   (ग) भाषिक सम्पादन
५. सम्पादनका क्रममा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष
   (क) कृतिका आन्तरिक र बाह्य पक्ष
   (ख) स्पष्टता र तार्किकता
   (ग) विषयवस्तुको सङ्गठन
   (घ) प्रस्तुतीकरण, शैली र सन्देश
   (ङ) शब्दचयन/पुनरावृत्ति
   (च) व्याकरणिक शुद्धीकरण
   (छ) वाक्यसंरचना
   (ज) पाठान्तर निर्णय
५. छपाइशुद्धिसम्बन्धी आधारभूत ज्ञान
   (क) भाषासम्पादन/संशोधन
   - अक्षरको अधिकता
   - अक्षरको न्यूनता
   - मात्राच्युति
   - अक्षरच्युति
   - उच्चारणभेदका कारण अनर्थज्ञान
   - लिपिदोष
   - वर्णविपर्यय
   - पदच्छेदमा भ्रान्ति एवम् श्लेष
   - सादृश्य

   (ख) विरामचिह्नगत आधारभूत ज्ञान
   - पूर्णविराम
   - अर्द्धविराम

- अल्पविराम
- प्रश्नचिह्न
- विस्मयचिह्न आदि

(ग) व्याकरणगत सम्पादन/संशोधन
- पदसङ्गति
- पदक्रम
- वाक्यात्मक त्रुटि आदि

(घ) मुद्रणगत त्रुटिको सम्पादन/संशोधन
(ङ) विषयवस्तु सम्पादन/संशोधन
६. ग्रन्थसम्पादनसम्बन्धी प्रायोगिक अभ्यास

**सन्दर्भग्रन्थ**

१.**अनुसन्धान तथा प्रतिवेदन लेखन** डा. चूडामणि बन्धु, रत्न पुस्तक भण्डार काठमाडौँ नेपाल।
२.**साहित्यको अनुसन्धान व्यवस्थापन** (अनुसन्धान दर्शन) डा. दयाराम श्रेष्ठ, शिखा बुक्स काठमाडौँ नेपाल।
३.**साहित्य- सिद्धान्तः शोध तथा सृजनविधि**, डा. वासुदेव त्रिपाठी,पाठ्यसामग्री पसल काठमाडौँ नेपाल।
४.**शोध सिद्धान्त र प्रतिवेदन लेखन**, डा.नारायण चालिसे,कृति पौडेल काठमाडौँ नेपाल।
५. **अनुसन्धान-प्रकाश**, वर्ष ९, अङ्क ४, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र।
६. **भाषिक चर्चा,** वल्लभमणि दाहाल।

**मूल्याङ्कनयोजना (प्रश्नपत्रनिर्माण योजना)**

| **प्रश्नप्रकार** | **प्रश्नसङ्ख्या** | | **अङ्क** |
|---|---|---|---|
| | **सोधिने** | **हल गर्ने** | |
| अतिसङ्क्षिप्त | ४ | ४ | ४ |
| विवेचनात्मक | २ | १ | १० |
| सङ्क्षिप्त उत्तरात्मक | ५ | ३ | १८ |
| व्याख्यात्मक/प्रायोगिक | २ | २ | ८ |

CamScanner

**निर्देश : तल लेखिएका पाठ्यांशमध्ये कुनै एक पाठ्यांश मात्र लिनु पर्नेछ र यस पाठ्यांशको उत्तीर्णाङ्क छुट्टै हुनेछ ।**

# नेपाल संस्कृत विश्वविद्यालय
## चारवर्षे शास्त्रीस्तरीय पाठ्यक्रम
## ऐच्छिक 'ख' वर्ग नेपाली (तृतीय वर्ष)

**पाठ्यांश सङ्केत : नेपाली (......) ऐ.** **पत्र : षष्ठ**
**पाठ्यांश नाम : शोधपत्र लेखन** **पूर्णाङ्क : ५०**

### पाठ्यांशपरिचय
यो पाठ्यांश नेपाली भाषासाहित्यका विभिन्न विधामा शोधलेखन गर्न चाहने विद्यार्थीहरूलाई शोधप्रबन्ध लेखनका निमित्त निर्धारित गरिएको हो । यसमा शोधको सैद्धान्तिक पक्ष, शोधक्षेत्र, शोधविषयको छनोट, शोधसमस्या र उद्देश्यको निर्धारण, शोधप्रस्तावको प्रस्तुति, सामग्री सङ्कलन, प्रारम्भिक शोधलेखन र शोधपत्रको अन्तिम तयारीजस्ता विषयहरू समावेश गरिएका छन् ।

### सामान्य उद्देश्य
यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरूले नेपाली भाषा र साहित्यसँग सम्बन्धित विभिन्न विषय र विधामा अनुसन्धान गर्नका लागि आधारभूत ज्ञान र सीप प्राप्त गर्नेछन् ।

### विशिष्ट उद्देश्य
यस पाठ्यांशको अध्ययनबाट विद्यार्थीहरू निम्न विषयमा सक्षम हुनेछन्-

१. शोधक्षेत्रको निर्धारण गरी विषय छनोट गर्न ।
२. शोधसमस्या र उद्देश्य निर्माण गर्न ।
३. शोधप्रस्ताव निर्माण गरी प्रस्तुत गर्न ।
४. सामग्री सङ्कलन र आवश्यक विश्लेषण गर्न ।
५. शोधविधिको प्रयोग गरी शोधपत्र तयार पार्न ।

### प्रकरण विभाजन

| प्रकरण | पाठ्यांश विषय | पाठसङ्ख्या | अङ्क |
|---|---|---|---|
| क | शोधक्षेत्रको निर्धारण र विषय छनोट | १५ | १० |
| ख | शोधसमस्या र उद्देश्य निर्धारण, शोधप्रस्ताव निर्माण एवम् प्रस्तुति | १५ | १० |
| ग | सामग्री सङ्कलन | १५ | १० |
| घ | प्रारम्भिक लेखन, सम्पादन परिमार्जन र शोधपत्रको अन्तिम तयारी | ३५ | २० |
| | **योग** | ८० | ५० |

### पाठ्यवस्तु विवरण
**क) प्रकरण : शोधक्षेत्रको निर्धारण र विषयछनोट** **१०**

१. शोधको स्रोत पहिचान- शोधक्षेत्रको छनोट गर्ने ।
२. शोधको मूल विषय र शीर्षक निर्धारण- नेपाली भाषा, भाषिका, उपभाषिका तथा नेपाली साहित्यका विभिन्न विधासँग सम्बद्ध हुने गरी कुनै एक शीर्षक छनोट गर्ने ।

CamScanner

**ख) प्रकरण : शोधसमस्या र उद्देश्य निर्धारण, शोधप्रस्ताव निर्माण एवम् प्रस्तुति** **१०**

१. छनोट भएको शीर्षकअन्तर्गत रही आवश्यकताअनुसारका समस्या र उद्देश्य निर्धारण गर्ने ।

२. शोधप्रस्ताव निर्माणसम्बन्धी अभ्यास ।

(क) शीर्षक

(ख) समस्याको परिचय

(ग) उद्देश्य

(घ) पूर्वकार्य विवरण

(ङ) शोधअन्तराल

(च) अध्ययनको औचित्य

(छ) अध्ययन पद्धति (सामग्री सङ्कलन प्रक्रिया, विश्लेषण प्रक्रिया आदि)

(ज) सीमाङ्कन

(झ) शोधको रूपरेखा

(ञ) अध्याय, खण्ड आदिमा शीर्षक तथा उपशीर्षकको विन्याससम्बन्धी प्रयोग र अभ्यास ।

**ग) प्रकरण : सामग्री सङ्कलन** **१०**

१. शोधसँग सम्बद्ध सामग्री सङ्कलन र अध्ययन विधि तथा शोधक्रममा अँगालिने सैद्धान्तिक आधारको उल्लेख गर्ने ।

२. पुस्तकालयको उपयोग, प्रश्नावली, अन्तर्वार्ता आदिको निर्माण, स्थलगत अध्ययन आदि अभ्यास गराउने ।

३. सम्बद्ध पुस्तक, पत्रपत्रिकाको विवरण, लेखक, पुस्तक, रचना, प्रकाशन, त्यसका स्थान र वर्ष, पत्रिका भए अङ्क पनि राख्ने प्रकियाको अभ्यास गर्ने गराउने ।

**घ) प्रकरण : प्रारम्भिक लेखन, सम्पादन परिमार्जन र शोधपत्रको अन्तिम तयारी** **२०**

१. सङ्कलित सामग्रीको अध्ययन तथा विश्लेषण गरी शोधप्रतिवेदन लेख्न अभ्यास गराउने ।

२. शोधपत्रको प्रारम्भिक लेखन गराउने ।

३. शोधपत्रको प्रारम्भिक मस्यौदाको संशोधन, सम्पादन तथा पुनर्लेखन गराउने ।

४. शोधपत्रका आवश्यक अङ्गहरू- सिफारिस पत्र, प्रतिबद्धता पत्र, कृतज्ञता ज्ञापन, शोधसार, सङ्क्षेपीकृत शब्दसूची, पादटिप्पणी, उद्धरण, तालिका, सन्दर्भ ग्रन्थ, परिशिष्ट आदिको संयोजन, शोधपत्रको टङ्कण आदिको अभ्यास गराउने ।

**सन्दर्भ ग्रन्थ**


१. **अनुसन्धान तथा प्रतिवेदन लेखन** डा.चूडामणि बन्धु, रत्न पुस्तक भण्डार काठमाडौँ नेपाल ।

२. **साहित्यको अनुसन्धान व्यवस्थापन** (अनुसन्धान दर्शन) डा. दयाराम श्रेष्ठ, शिखा बुक्स काठमाडौँ नेपाल ।

३. **साहित्य-सिद्धान्त: शोध तथा सृजनविधि**, डा. वासुदेव त्रिपाठी,पाठ्य सामग्री पसल काठमाडौँ नेपाल ।

४. **शोध सिद्धान्त र प्रतिवेदन लेखन**, डा.नारायण चालिसे, कृति पौडेल काठमाडौँ नेपाल ।

५. **अनुसन्धान-प्रकाश**, वर्ष ९, अङ्क ४, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र ।


**मूल्याङ्कनयोजना (प्रश्नपत्रनिर्माण योजना)**

| **प्रश्नप्रकार** | **प्रश्नसङ्ख्या** | | **अङ्क** |
|---|---|---|---|
| | **सोधिने** | **हल गर्ने** | |
| अतिसङ्क्षिप्त | ४ | ४ | ४ |
| विवेचनात्मक | २ | १ | १० |
| सङ्क्षिप्त उत्तरात्मक | ५ | ३ | १८ |
| व्याख्यात्मक/प्रायोगिक | २ | २ | ८ |

CamScanner

# नेपाली

**पाठ्यांशनाम - उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला र पारिजात**

पाठ्यांशसङ्केत - ......

स्तर -शास्त्री

पूर्णाङ्क - ५०

वर्ष- तृतीय

वार्षिक पाठ्यभार- ८० घण्टा

पत्र- षष्ठ

साप्ताहिक पाठ्यभार - ३ घण्टा

## १. परिचय

नेपाल संस्कृत विश्वविद्यालयद्वारा सञ्चालित चारबर्से शास्त्री तहअन्तर्गत द्वितीय वर्षको अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई दुई जना स्थापित उपन्यासकारहरूका निर्धारित उपन्यासको विशिष्टीकृत व्याख्या विश्लेषण गरी उपन्यास विधाको रचनामा उत्प्रेरित समेत गर्ने उद्देश्यले यो पाठ्यक्रम निर्माण गरिएको छ। शोधपत्र नलेख्ने विद्यार्थीहरूका लागि विकल्पका रूपमा निर्माण गरिएको यस पाठ्यक्रममा दुवै उपन्यासकाररूको साहित्यिक र उपन्यासकार व्यक्तित्वको परिचयका साथै उपन्यासयात्रा एवम् औपन्यासिक प्रवृत्ति पाठ्यसामग्री रहेका छन्। यसमा दुवै उपन्यासकारका प्रतिनिधिमूलक तीन-तीन ओटा उपन्यास समावेश गरिएका छन् र विभिन्न आधारमा तिनको विश्लेषण र समीक्षा गरी उपन्यासकारको योगदानको निरूपण एवम् विद्यार्थीहरूमा विधागत सिर्जना गर्न सक्ने सामर्थ्यको विकास अपेक्षा गरिएको छ।

## २. सामान्य उद्देश्य

यस पाठ्यक्रमको अध्ययनबाट विद्यार्थीहरू नेपाली साहित्यका दुई जना स्थापित उपन्यासकारहरूका प्रतिनिधि उपन्यासको कथ्य, शिल्प, विधागत उपलब्धि र योगदानको विश्लेषण गरी मौलिक उपन्यासको सिर्जना गर्न प्रवृत्त हुनेछन्।

## ३. विशिष्ट उद्देश्य र पाठ्यविषय

**प्रकरण 'क'**

**एकाइ एक - उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासयात्रा र प्रवृत्ति** **अङ्क ५**

**पाठ्यघण्टा ८**

**अ. विशिष्ट उद्देश्य**

– कोइरालाको उपन्यासकार व्यक्तित्वको पहिचान गरी उनको उपन्यासयात्राको विवेचना गर्न।

–उपन्यासकार कोइरालाका प्रवृत्तिको विश्लेषण र निरूपण गर्न।



CamScanner

**आ. पाठ्यविषय**

१. उपन्यासलेखनको पृष्ठभूमि र परिवेश

२. उपन्यासविधामा देखाएको नवीनता र अन्य विधाको सहविकास

३. उपन्यासयात्रा

४. औपन्यासिक प्रवृत्ति

५. उपलब्धि र योगदान

**एकाइ दुई - उपन्यासकार कोइरालाका उपन्यासको विश्लेषण र समीक्षा** **अङ्क २०**

**पाठ्यघण्टा ३२**

**अ. विशिष्ट उद्देश्य**

– कोइरालाका उपन्यासको विविध आधारमा विश्लेषण गर्न ।

–कोइरालाका उपन्यासका उपलब्धि र योगदानको समीक्षा गर्न ।

**आ. पाठ्यविषय**

१. उपन्यासतत्त्व (कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय), रीतिक्षेत्र र रुचिक्षेत्रका आधारमा निम्नलिखित उपन्यासको विश्लेषण :

(क) नरेन्द्र दाइ (ख) सुम्निमा (ग) मोदिआइन

२. उपर्युक्त उपन्यासको मिथकीय, मनोवैज्ञानिक, सांस्कृतिक र दार्शनिक पक्ष

३. विशिष्ट पङ्क्तिको व्याख्या र सान्दर्भिक अभिप्रायको सङ्गति

४. उपलब्धि र योगदानको समीक्षा ।

**प्रकरण 'ख'**

**एकाइ एक - उपन्यासकार पारिजातको उपन्यासयात्रा र प्रवृत्ति** **अङ्क ५**

**पाठ्यघण्टा ८**

**अ. विशिष्ट उद्देश्य**

– पारिजातको उपन्यासकार व्यक्तित्वको पहिचान गरी उनको उपन्यासयात्राको विवेचना गर्न ।

–उपन्यासकार पारिजाताका प्रवृत्तिको विश्लेषण र निरूपण गर्न ।



CamScanner

**आ. पाठ्यविषय**

१. उपन्यासलेखनको पृष्ठभूमि र परिवेश

२. उपन्यासविधामा देखाएको नवीनता र अन्य विधाको सहविकास

३. उपन्यासयात्रा

४. औपन्यासिक प्रवृत्ति

५. उपलब्धि र योगदान

**एकाइ दुई - उपन्यासकार पारिजातका उपन्यासको विश्लेषण र समीक्षा** **अङ्क २०**

**पाठ्यघण्टा ३२**

**अ. विशिष्ट उद्देश्य**

– पारिजातकका उपन्यासको विविध आधारमा विश्लेषण गर्न ।

–पारिजातकाका उपन्यासका उपलब्धि र योगदानको समीक्षा गर्न ।

**आ. पाठ्यविषय**

१. उपन्यासतत्त्व (कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लय), रीतिक्षेत्र र रुचिक्षेत्रका आधारमा निम्नलिखित उपन्यासको विश्लेषण :

(क) महत्ताहीन (ख) उसले रोजेको बाटो (ग) अनिदो पहाड

२. उपर्युक्त उपन्यासको सामाजिक, मनोवैज्ञानिक र दार्शनिक पक्ष

३. विशिष्ट पङ्क्तिको व्याख्या र सान्दर्भिक अभिप्रायको सङ्गति

४. उपलब्धि र योगदानको समीक्षा ।

**४. शिक्षणविधि**

कक्षागत व्याख्यान, प्रश्नोत्तर, छलफल, कक्षाकार्य, गृहकार्य, समूहकार्य, परियोजनाकार्य आदि ।

**५.मूल्याङ्कन विधि**



CamScanner

विद्यार्थीहरूको मूल्याङ्कन आन्तरिक र बाह्य परीक्षा गरी दुई तहमा गरिनेछ । आन्तरिक मूल्याङ्कनको अङ्कभार १० पूर्णाङ्क हुनेछ र बाह्य परीक्षाको अङ्कभार ४० पूर्णाङ्क हुनेछ । आन्तरिक परीक्षा तोकिएबमोजिम हुनेछ ।

बाह्य परीक्षा वा अन्तिम मूल्याङ्कन ५० पूर्णाङ्कमा लिइनेछ । यसका लागि विशिष्टीकरण तालिका (ग्रिड) लाई आधार मानिनेछ । प्रश्नपत्रको ढाँचा निर्माण गर्दा निर्धारित पाठ्यक्रमले अवलम्बन गरेको पद्धतिअनुरूप परीक्षार्थीको सिप वा दक्षता र मौलिक दृष्टिकोणको मूल्याङ्कन हुने र निर्धारित एकाइहरूका निम्ति छुट्ट्याइएको अङ्कभारमा सन्तुलन कायम हुने विधिको अनुसरण गरिनेछ ।

## विशिष्टीकरण तालिका

| **प्रश्नका प्रकार** | **प्रश्नसङ्ख्या** | | **अङ्क** |
|---|---|---|---|
| | प्रष्टव्य प्रश्नसङ्ख्या | समाधेय सङ्ख्या | |
| विवेचनात्मक | २ | १ | १२ |
| सङ्क्षिप्त विवेचनात्मक | ७ | ५ | ५×५ = २५ |
| व्याख्यात्मक | ३ | २ | २×४ = ८ |
| वस्तुगत | ५ | ५ | ५×१ = ५ |
| जम्मा | १७ | १३ | ५० |

### पाठ्यपुस्तक

विश्वेश्वरप्रसाद कोइराला. *नरेन्द दाइ,* ललितपुर : साझा प्रकाशन ।

विश्वेश्वरप्रसाद कोइराला. *सुम्निमा,* ललितपुर : साझा प्रकाशन ।

विश्वेश्वरप्रसाद कोइराला. *मोदिआइन,* ललितपुर : साझा प्रकाशन ।

पारिजात. *महत्ताहीन,* ललितपुर : साझा प्रकाशन ।

पारिजात. *उसले रोजेको बाटो,* काठमाडौं : फिनिक्स बुक्स ।

पारिजात. *अनिदो पहाड* , काठमाडौं : फिनिक्स बुक्स ।



CamScanner

**सन्दर्भपुस्तक**

इन्द्रबहादुर राई. *नेपाली उपन्यासका आधारहरू*, दार्जिलिङ : नेपाली साहित्य परिषद् प्रकाशन ।

ईश्वर बराल र अन्य (सं.). *नेपाली साहित्यकोश*, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कुमारबहादुर जोशी. *पाश्चात्य साहित्यका प्रमुख वाद*, ललितपुर : साझा प्रकाशन ।

कृष्णचन्द्रसिँह प्रधान . *नेपाली उपन्यास र उपन्यासकार*, ललितपुर : साझा प्रकाशन ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा. *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास*, ललितपुर : साझा प्रकाशन ।

मुरारिप्रसाद रेग्मी. *मनोविश्लेषणात्मक समालोचना*, ललितपुर : साझा प्रकाशन ।

राजेन्द्र सुवेदी. *नेपाली उपन्यास परम्परा र प्रवृत्ति*, वाराणसी : भूमिका प्रकाशन ।

हिमांशु थापा. *साहित्य परिचय*, ललितपुर : साझा प्रकाशन ।



CamScanner